# सिराड वर्थिङ् सेन्टर निर्माण आयोजना अनुगमन प्रतिवेदन

अनुगमन भ्रमणको औचित्यः भागेश्वर गाउँपालिका अन्तरगत वार्ड न ५ सिराड वर्थिङ् सेन्टर निर्माण आयोजना भागेश्वर गाउँपालिकाको कार्यालयबाट निर्माण कार्यान्वयन चरणमा रहेको छ।

बजेट :- ३८,८७,०००० (सघीय शसर्त अनुदान )

कार्यान्वयन आ. व. ०८०/०८१

**प्रक्रिया :- राष्ट्रिय दैनिक नागरिकमा प्रकाशित विज्ञापन खुला वोलपत्र आव्हान**

**वोलपत्र प्रकाशित मिति २०८०-११-२१ राष्ट्रिय दैनिक नागरिक**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित मिति २०८१-०१-११**

**वोलपत्र सम्झौता मिति :- २०८१/०१/२७**

**निर्माण कार्यान्वयन मिति :- २०८१/०१/२८**

**कार्यसम्पादन मूल्यांकन प्रक्रिया तपसिल वमोजिम गरिएको थियो ।**

उद्देश्य निर्धारण

उपभोक्ता, जनप्रतिनिधी र सरोकारवालाहरु बीच सिराडमा वनाउने गरी छलफलको माध्यमबाट समन्वय र सम्झौता उपभोक्ता सग गरी सिराड वर्थिङ् सेन्टर निर्माण कार्य सुचारु गरिएको ।

१. कार्यसम्पादन मापन टोली

यस गाउँपालिका कार्यालयको मिति २०८१/१/२९-३० को निर्णयानुसार देहाय बमोजिमको अनुगमन सिराड वर्थिङ् सेन्टरको स्थलगत भ्रमण गर्ने निर्णय भएको।

| | |
|---|---|
| क. गाउँ पालिका प्रमुख प्रशाकीय अधिकृत श्री खगेन्द्र भारती | संयोजक |
| ख. विज्ञ परामर्शदाता ईन्जिनियर श्री सुदिप देवकोटा | सदस्य |
| ग. योजना अधिकृत श्री प्रेम सि घोटा | सदस्य |
| घ ईन्जिनियर श्री सत्यराज ओली | सदस्य |

ङ कार्यालयको साईट इन्चार्ज सव इन्जिनियर श्री रौशन कुमार यादव वार्ड न ५ को कार्यालय

च निर्माण कम्पनीको प्रतिनिधी सहित

२. भ्रमणको संक्षिप्त उद्देश्यः भागेश्वर गाउँपालिका वार्ड न.५ सिराड वर्थिङ् सेन्टर निर्माण आयोजना स्थलगत अवलोकन भ्रमण गरी गाउंपालिकाको बार्षिक कार्यक्रम तथा कार्य प्रगति समेतको कार्य सम्पादन प्रतिवेदन प्रत्यक्ष रुपमा सम्बन्धित विषयका जानकार सहित, गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत र विज्ञ परामर्शदाता ईन्जिनियर, योजना अधिकृत, इन्जिनियर र सव इन्जिनियर समेतको सहभागितामा निर्माण कार्यस्थलमै निर्माण कम्पनीका प्रतिनिधीहरु अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट आयोजनाको कार्यको नाप जाच र अनुगमन गर्ने कार्य गरियो ।

३. भ्रमण कार्यतालिका तथा विवरणः

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८१/१/२९ | बगरकोट — रुपाल | |
| २०८१/१/३० | सिराड वर्थिङ् सेन्टर निर्माण आयोजना स्थलगत निरीक्षण | |
| | सिराड वर्थिङ् सेन्टर निर्माण आयोजनाको स्थलगत निरिक्षण छलफल, नाप जाँच र अनुगमन । | |
| | सिराड-बगरकोट | |

४. सिराड वर्थिङ् सेन्टर निर्माण आयोजनाको स्थलगत अवलोकन र निरीक्षणः

मिति २०८१ वैशाख २९ र ३० गते निरीक्षण टोली स्थलगत अनुगमनको लागि पुगेको थियो। सो अवसरमा टोली प्रमुख सहितका प्राविधिकहरुले सिराड वर्थिङ् सेन्टर निर्माण आयोजनाको स्थलगत इस्टमेट र सम्झौता वमोजिम कार्य भए नभएको पहिलो चरणमा गर्न लागेको कार्यको नाप जाँच गरी सम्झौता बमोजिमको कार्य भएको छ छैन कति कार्य भएको फिल्ड भ्रमण गरियो । त्यस्तै गरी सोही दिन कार्यालय अनुगमन टोली फर्केको थियो।

मिति २०८१ वैशाख ३० गते सिराड वर्थिङ् सेन्टर निर्माण आयोजना निर्माण व्यवसायी एम वि कन्स्ट्रक्सन अमरगढी डडेल्धुराका साईट इन्चार्ज सहितको आयोजना स्थलगत निरीक्षण गरी समष्टिगत भवन निर्माणको स्थलगत गतिविधि नापजाँच अनुगमन गरियो ।

आ.ब.०८०/०८१ सघीय सरकारको शसर्त अनुदानको विनियोजन बजेट रु ३७९९९७८।०० मिति २०८०।११।२१ गते खुला वोलपत्र आह्वान गरी खुला प्रतिस्पर्धाबाट रु ३३३५१९८.४१ भ्याट सहितको कर एम वि कन्स्ट्रक्सन अमरगढी डडेल्धुराको नाममा ठेक्का सदर भई मिति २०८१।१।२७ गते सम्झौता अविध मिति २०८१।३।१५ सम्म भएको देखिन्छ । एम वि कन्ट्रक्सन अमरगढी डडेल्धुरालाई निर्माण कार्यको लागि यस कार्यालयबाट पत्राचार गरिएको पहिलो किस्ता पेश्की रु. २,८७,०००मिति २०८१/१/३० गते भुक्तानी भएको छ एम वि कन्ट्रक्सन अमरगढी डडेल्धुराले निर्माणमा स्थानीय व्यक्तिहरुबाट सल्लाह सुझाव लिएर कार्य शुरु भएको स्थिति देखिन्छ।

५. बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाः

| शीर्षक | बजेट (रु.) | ठेक्का कबोल अक भ्याट वाहेक | खर्च निकासा बजेट (रु.) | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| एम वि कन्ट्रक्सन अमरगढी डडेल्धुरा | ३८८७००० | ||||||||| | २८७००० | |

६. नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगतिको अवस्थाः

| मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|
| सिराड क्षेत्रका गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुँचमा अभिवृद्धि | निर्माण कार्य शुरु भएको । | |

**७. सिराड वर्थिङ् सेन्टर निर्माणमा देखिएका समस्याहरुः**

- निर्माणका काममा गुणस्तरसँग गाँसिएका विषय अध्ययन गर्दा योजनाको परिकल्पना, सम्भाव्यता अध्ययन, निर्माण सामग्रीका स्रोतहरूको यकिन, योजना प्राथमिकीकरण, योजना छनोट, गुणस्तर प्रत्याभूति गर्ने आधारहरू, मापनका सूचकहरू, योजना सञ्चालन तथा निर्माणका लागि सशक्त टिम, टिमको कार्यक्षमता र इमान्दारिता, अत्याधुनिक प्रयोगशाला, समय र प्रगतिसँग आवद्ध गरिएको हुनुपर्छ ।
- अनुगमनबाट मात्र हामीले खोजेको, जनताले चाहेको प्रतिफल प्राप्त गर्न सक्ने देखिन्छ ।
- कमसल वालुवा र गिट्टी भएकोले उक्त वालुवालाई पानीले सफा गरेर मात्र प्रयोग गर्ने ।
- निर्माणस्थलको गिट्टी हटाएर अर्को गिट्टी प्रयोग गर्ने ।
- छोटो अवधिमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदनहरू नभएका ।
- हतारमा गरिने ठेक्कापट्टा व्यवस्थापन, थोरै बजेट विनियोजन ।
- ढिलो निकासा प्रणालीबाट भुक्तानी समस्याले थपिँदै जाने ।
- राम्रो निर्माण सामग्रीको अभाव, व्यवस्थित प्रयोगशाला र दक्ष जनशक्तिको सधैं अभाव ।
- निर्माणको काम सुरु गर्ने बेला देखि स्थानीय व्यक्तिहरुबाट भवन निर्माण अवरोध गरि राखे ।
- प्राविधिक कर्मचारीको अभाव
- कर्मचारीले काम थन्क्याउने प्रवृत्तिको कारण पनि कार्य ढिलाई हुने ।
- जनप्रतिनीधिहरुबाट निर्माण कार्यमा समन्वयको कमी ।
- गुणस्तरीय निर्माण सामाग्रीको अभाव गुणस्तरमा प्रश्नचिह्न खडा हुने ।

**८. अनुगमनमा देखिएका सकारात्मक पक्ष /सुझावहरूः**

- निर्माण व्यवसायीले आयोजनाको निर्धारित समय भित्र कार्य सम्पन्न हुने गरी व्यवस्था मिलाउनु पर्ने।
- निर्माण हुने कार्य ड्रइङ्, डिजाइन र इष्टिमेट वमोजिम निर्माण गर्ने ।
- अव प्रयोग गरिने निर्माण सामग्री जस्तै बालुवा, गिट्टी, इटा, सिमेन्ट,छड आदी इष्टिमेट बमोजिम र ल्याव टेष्ट सहितको गुणस्तरीय हुनुपर्ने ।
- प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम निर्माण कार्य गर्नुपर्ने ।
- हाल प्रयोग भएको इटा, वालुवा र गिट्टीको गुणस्तर चेकजाचको रिपोर्ट पेश गर्ने ।
- सम्वन्धित साईट प्राविधिकको निर्देशन पालना गर्ने ।
- विज्ञ परामर्शदाता ईन्जिनियरले फोन मार्फत दिएको निर्देशन वमोजिम कार्य गर्नुपर्ने

- कार्यालयले खटाइएको प्राविधिकले निर्माण अवधिभर निर्माण कार्यको प्रत्यक्ष निगरानी गर्नुपर्ने ।
- तुरुन्त थप कामदारहरु कार्यक्षेत्रमा खटाउने र कार्य समय सीमा भित्रै सम्पन्न गर्ने ।
- सिमेन्टबाट ढलान भएको सरचनामा पानीको प्रयोग गर्ने।

सिराड वर्थिङ् सेन्टर निर्माण स्थलमा नाप जाँचको क्रममा खिचिएको तस्वीरहरु









